"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुवाधारा, इलाम

Ilam Municipality

Office of the Municipal Executive

☎प्रमुख प्रशासकीय अधिकृत ५२००६०
आर्थिक प्रशासन शाखा ५२००६०
योजना/प्रशासन शाखा ५२००६५

दमकल/खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

## सटर पसलहरुको ठेक्का बन्दोबस्त सम्बन्धी दोस्रो पटक आव्हान गरेको सूचना

(पुन: प्रकाशित मिति : २०७५/०४/०२)

इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी सञ्चालन तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम निजी लगानीकर्ताहरु समेतको लगानीबाट सहरी सौन्दर्य, फोहरमैला व्यवस्थापन तथा जोखिम व्यवस्थापन समेत हुने गरी नयाँ आधुनिक सपिङ्ग कम्प्लेक्स निर्माण गर्ने प्रकृया अगाडी बढिसकेकोले उक्त सिटी मार्ट भवन निर्माणगर्दा नभत्कने सटर पसलहरु सम्मानित उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४/२/१४ को निर्देशनात्मक आदेशलाई सम्मान गर्दै हालको मासिक भाडा दरलाई न्यूनतम अंक मानी प्रतिस्पर्धात्मक रुपमा बोलपत्र वा बढाबढको माध्यमबाट भाडामा बन्दोबस्तीमा जान इलाम नगरकार्यपालिकाको मिति २०७५/०२/३१ को निर्णयानुसार निम्नानुसारको सटर पसलहरु भाडामा लगाउन आ.व.०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्बन्धित सबैमा प्रत्येक सटर पसलका लागि छुट्टाछुट्टै बोलपत्र फारम (प्रति फारम रु.५००।- फिर्ता नहुने गरी) खरिद गरी निम्न शर्तको अधिनमा रहि रीतपूर्वक सिलबन्दी बोलपत्र आव्हानका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**बसपार्क, नयाँबजार र भञ्ज्याङ्गका सटरहरुको विवरण**

| क्र.सं. | नाम थर | सटर नं. | न्यूनतम मासिक भाडा दर | कैफियत |
|---|---|---|---|---|
| १ | टेकबहादुर श्रेष्ठ | ग-३-१ | ६०००।०० | गोस लाइन |
| २ | उषा बाल्मीकी | क-२४ | ५०००।०० | पुरानो आ.प्रा.वि. |
| ३ | दिल बहादुर बस्नेत | क-३४ | २०००।०० | साविकको ५ न. वडा कार्यालय रहेको भञ्ज्याङ्गको सटर कोठा |
| ४ | गरिबी उत्थान बसि आएको सटर | क-भञ्ज्याङ्ग-२ | २०००।०० | साविकको ५ न. वडा कार्यालय रहेको भञ्ज्याङ्गको सटर कोठा |
| ५ | पूर्व नेपाल रात्री बस व्यवसायी संघ | क-बस-१ | ६०००।०० | बसपार्क पूर्वतर्फको तले घरको माथिल्लो कोठाहरु |
| ६ | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर | क-बस-३ | ६०००।०० | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर |
| ७ | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर | क-बस-४ | ६०००।०० | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर |
| ८ | पूर्वेली जीप तथा ट्याक्सी यातायात सेवा प्रा.लि. मुख्य कार्यालय | क-नयाँबजार-१ | ६०००।०० | नयाँबजार स्थित हुलाक कार्यालय पूर्व रहेको २ तले भवन माथिल्लो तला |

## शर्तहरु

१. बोलपत्र फारम उल्लेख भए अनुसारको दस्तुर (फिर्ता नहुने) बुझाई सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको बोलपत्रलाई मान्यता दिइने छैन र छाँयाप्रति बोलपत्र फारम स्वीकार्य हुनेछैन ।

३. बोलपत्र ८ औं दिन दिनको १२:०० बजेभित्रमा दाखिला गरिसक्नु पर्नेछ र बोलपत्र सोही दिनको २:०० बजे खोलिनेछ । सो समयमा ठेकेदार स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोलन कुनै बाधा पर्नेछैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि गरिनेछ ।

४. बोलपत्र खरिद गर्दा सम्बन्धित व्यक्तिले नगरपालिकाको बाँकी बक्यौता चुक्ता गर्नुपर्नेछ र निवेदनसाथ नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, व्यवसाय गरी आएको भए न.पा.को व्यवसाय दर्ता प्रमाणपत्रको छाँयाप्रति पेश गर्नुपर्नेछ ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । कुनै व्यहोरा सच्याइएमा सच्याएको ठाउँमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा फारम परे अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्र फारम साथ आफूले कबोल गरेको मासिक भाडा रकम बराबरको धरौटी रकम ने.बैं.लि.इलाम स्थित यस कार्यालयको धरौटी खाता नं.०४००३००००००००३०००४३ मा नगद दखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

७. शिलबन्दी बोलपत्रको खाममा ठेक्कामा उल्लिखित सटर नं., उक्त सटर कोठा रहेको स्थान र बोलपत्रदाताको नाम, थर, ठेगाना र मोवाइल नं. स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

८. उल्लिखित बोलपत्र अनुसार बोलपत्रदाताहरु बिचमा प्रतिस्पर्धा हुँदा साविकमा सम्झौता गरी भाडामा लिई व्यवसाय गरी आएका व्यक्तिको बोलकबोल अंकसँग बराबर भएमा साविकमा सम्झौता गरी भाडामा व्यवसाय गरी आएका व्यवसायीले प्राथमिकता पाउने र निजको बोलपत्र स्वीकृत हुनेछ ।

९. नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्णकर, दस्तुर, शुल्क आदि बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ । उक्त रकम कबोल अंकबाट कटाउन पाइनेछैन ।

१०. बोलपत्र स्वीकृत भएपछि सम्झौताको बखत नै कबोल गरेको मासिक भाडा रकम तत्काल बुझाई सोपश्चात महिनाको अन्तिम हप्ता भित्र आगामी महिनाको भाडा बुझाउनु पर्नेछ ।

११. सटरपसल प्रयोगका क्रममा कुनै बाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालय बीच विवाद भएमा प्रचलित ऐन, नियम एवं सम्झौताको परिधिभित्र रही नगरपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।

१२. यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ । कार्यालयको सम्पर्क फोन नं.०२७-५२००६५ रहेको छ ।

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुवाधारा, इलाम
Ilam Municipality
Office of the Municipal Executive

☎प्रमुख प्रशासकीय अधिकृत ५२००६०
आर्थिक प्रशासन शाखा ५२००६०
योजना/प्रशासन शाखा ५२००६५

दमकल/खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

## आय ठेक्का बन्दोबस्त सम्बन्धी दोस्रो पटक आव्हान गरेको सूचना
(पुन: प्रकाशित मिति : २०७५/०४/०३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार इलाम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिम नगरपालिकाले लगाउन सक्ने कर, दस्तुर, सेवा शुल्क सम्बन्धी तपसिलमा उल्लिखित आय ठेक्का इलाम नगरपालिकाको आर्थिक व्यवस्थापन ऐन, २०७५ मा उल्लिखित दरमा आ.व.०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गरी नगरपालिकाको राजश्व संकलन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्बन्धित सबैमा निम्न शर्तको अधिनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आव्हानका लागि पुन : १५ दिने सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम कबोल अंक बार्षिक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १/०७४/०७५ | पार्किङ्ग सेवा शुल्क | रु.१५,००,०००।०० (पन्ध्र लाख) | १०००।०० | |
| २/०७४/०७५ | ढुंगा, गिटी, बालुवा भरौट माटो बिक्री तथा निकासी शुल्क | रु.४४,५०,०००।०० (चौवालिस लाख पचास हजार) | ३०००।०० | |

### शर्तहरु

१. बोलपत्र फारम उल्लेख भए अनुसारको दस्तुर (फिर्ता नहुने) बुझाई सूचना प्रकाशित भएको मितिले १५ औं दिनको दिन कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । र बोलपत्र फारम साथ असुल गर्न पाउने दररेट र असुली मापदण्ड समेत उपलब्ध गराईनेछ ।
२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको बोलपत्रलाई मान्यता दिइने छैन र छाँयाप्रति बोलपत्र फारम स्वीकार्य हुनेछैन ।
३. बोलपत्र १६ औं दिन दिनको १२:०० बजेभित्रमा दाखिला गरिसक्नु पर्नेछ र बोलपत्र सोही दिनको २:०० बजे खोलिनेछ । सो समयमा ठेकेदार स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि गरिनेछ ।
४. यस कार्यालयबाट ठेक्का सम्बन्धी बोलपत्र खरिद गर्दा सम्बन्धित व्यक्ति फर्म वा कम्पनीले न.पा. को बाँकी बक्यौता चुक्ता गर्नुपर्नेछ, साथै कालोसूचीमा नपरेको स्वंघोषणा समेत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । कुनै व्यहोरा सच्याइएमा सच्याएको ठाउँमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. बोलपत्र फारम साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा आफूले कबोल गरेको ठेक अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम ने.बैं.लि.इलाम स्थित यस कार्यालयको धरौटी खाता नं.०४००३०००००००३००००४३ मा नगद दखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको बैंकबाट इलाम न.पा.को नाममा जारी गरिएको कम्तीमा ७५ दिन मान्य अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ ।
७. शिलबन्दी बोलपत्रको खाममा ठेक्काको नाम, ठेक्का नम्बर र बोलपत्रदाताको नाम, थर, ठेगाना र मोवाइल नं. स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
८. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार र प्रदेश सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयम्ले बुझाउनु पर्नेछ । उक्त रकम ठेक अंकबाट कटाउन पाइने छैन ।
९. बोलपत्र स्वीकृत भएपछि कबोल रकम ३ किस्ता (पहिलो किस्ता सम्झोतासँगै, दोस्रो किस्ता कार्तिकको अन्तिमहप्ता र तेस्रो किस्ता फागुनको अन्तिमहप्ता) मा बुझाउनु पर्नेछ ।
१०.ठेकेदारले नगरपालिकाले तोकेको संकलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र शुल्क असुल गर्नुपर्नेछ ।
११.ठेक्का गर्दा कुनै बाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालयबीच विवाद भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही नगरपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।
१२.ठेक्का स्वीकृतपश्चात सम्झौताको लागि आफूले कबोल गरेको रकम बराबर नगदै यस कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ने.रा.बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको बैंकबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा एक बर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।
१३. यस ठेक्का सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ । कार्यालयको सम्पर्क फोन नं.०२७-५२००६५ रहेको छ ।